अनुसूची- २

(दफा ४ तथा अनसूची-१ को भाग-३ सँग सम्बन्धित)


# स्थानीय राजपत्र

## बराहताल गाउँकार्यपालिकाद्वारा प्रकाशित

खण्डः २, संख्याः १ मितिः २०७६/०३/३०

भाग-३

बराहताल गाउँपालिका


स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम बराहताल गाँउकार्यपालिकाले पारित गरेको तल लेखिए बमोजिमको बराहताल गाँउपालिकाको एम्बुलेन्स सञ्चालन सम्वन्धी कार्यविधि, २०७५ सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# एम्वुलेस संचालन सम्बन्धी कार्यविधि
# २०७६

प्रास्तावना :- बराहताल गाउँपालिका सुर्खेत भित्र खासगरी स्वास्थ्य सेवाको पहुँच वाट टाढा रहेका वासिन्दाहरुलाई सेवामा सर्व सुलभ पहुँच पुर्‍याउन घरमा हुने प्रसुति संख्यालाई घटाई वर्थिङ सेन्टरमा सुरक्षित प्रसुती सेवा दिनका लागी, आकस्मीक रुपमा हुने दैविक प्रकोप घटनालाई यथा सिघ्र स्वास्थ्य संस्थामा ल्याई उपचार गरि ज्यान जोखिम हुनबाट बचाउनका लागी एम्वुलेन्स सेवा संचालनलाई पारदर्शि ,सरल,भरपर्दो र व्यवस्थित गर्ने तथा एम्वुलेन्स सेवामा जनताको पहुँच बढाई सेवाको गुणस्तर वृद्धी गर्न वाञ्छनिय भएकोले स्थानिय सरकार संचालन ऐन २०७४ को दफा १०२ (२)को अधिकार प्रयोग गरि बराहताल गाउँपालिकाले एम्बुलेन्स संचालन सम्बन्धि देहायको कार्यविधि निर्देशिका जारि गरेको छ ।

## परिच्छेद एक :
## संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भ :** (क) यो कार्यविधिको नाम **"बराहताल गाउँपालिकाको एम्बुलेन्स संचालन कार्यविधि २०७६"** रहेको छ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमा,

क) एम्बुसलेस भन्नाले बराहताल गाउँपालिकाले संचालन गर्ने एम्बुलेसलाई जानउँछ ।

ख) ऐन भन्नाले स्थानीय ऐन २०७४ लाई जनाउँ छ ।

ग) गाउँ पालिका भन्नाले बराहताल गाउँपालिकालाई जनाउँछ ।

घ) गााउँ सभा भन्नाले बराहताल गाउँपालिकाको गाउँ सभालाई जनाउँछ ।

ङ) कार्यपालिका भन्नाले बराहताल गाउँपालिकालाई सम्भनु पर्दछ ।

च) समिति भन्नाले एम्बुलेस संचालन र व्यवस्थापनका लागी गठन भएको संचालक समितिलाई जनाउछ ।

छ) कर्मचारी भन्नाले बराहताल गाउँपालिकाको कार्यलयमा कार्यरत स्थायी, अस्थायी वा करारमा कार्यरत कर्मचारीलाई जनाउँछ । यस सब्दले एम्बुलन्स संचालनमा संलग्न अपरेटर समेतलाई जनाउदछ

ज) प्रमुख प्रशासकिय अधिकृत भन्नाले बराहताल गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत भई काम गर्ने बराहताल गाउँपालिका कार्यरत प्रमुख प्रशासकिय अधिकृत लाई जनाउछ ।

झ) तोकियको वा तोकिए बमोजिम भन्नाले बराहताल गाउँपालिकाको बैठकले निणर्य गरी समय-समयमा तोकिदिय बमोजिम समझनु पर्दछ ।

ञ) केन्द्र भन्नाले एम्बुलेन्स रहने स्वास्थ्य चौकि रहेको स्थानलाई जनाउछ ।

ट) रात्रीकालिन अवधि भनाले साँझ ८:०० बजे देखि विहान ६:०० बजे सम्मको अवधिलाई जनाउछ ।

## परिच्छेद द्रुई
## एम्बुलेन्स सञ्चालन सम्बन्धि व्यवस्था

**३. उद्देश्य :** यस कार्यविधिको प्रमुख उद्धेश्य यस गाउँपालिका क्षेत्र र नजिकका स्थानिय तहको समेत स्वास्थ्य समस्या भएका नागरिकहरुलाई उपचारका लागी नजिकको अस्पताल वा सस्थामा संस्थासम्म पुऱ्याउने तथा यसको विश्वसनियता साथै प्रभावकारीता बृद्धि गरी दिगो र भरपर्दो सेवा संचालन गर्न रहेको छ ।

**४. छनौट र प्राथमिकता :** १) एम्बुलेन्स उपयोगको लागी क्षेत्र भित्रका वासिन्दालाई सेवा प्रदान गर्दाको सेवा शुल्क र अन्य स्थानीय तहका सेवाग्राहीलाई लिने सेवा शुल्कमा फरक हुने गरी यस कार्यविधिमा उल्लेख भए बमोजिम हुनेछ ।

२) उप नियम (१) बमोजिम सेवा शुल्क लिदा सेवा उपयोग गर्ने विरामी व्याक्तिको स्थायी ठेगाना, केन्द्र वा विरामी लिन जाने र आउने दुरीलाई आधार मानिनेछ ।

**५.संचालक समिति :** (१) एम्बुलेन्स सेवाको व्यबस्थित उपयाग संचालन खटनपटन र व्यबस्थापनका लागी एक छुट्टै एम्बुलेन्स संचालक समितिको गठन गरिने छ ।

(२) उप नियम (१) बमोजिम गठन हुने एम्बुलेन्स संचालक समितीमा देहाय बमोजिमका सदस्यहरु रहनेछन् ।

क) सम्बन्धित स्वास्थ्य चौकी व्यवस्थापन समितीको अध्यक्ष -संयोजक

ख) स्वास्थ्य शाखा प्रमुख -सदस्य

ग) सम्बन्धित स्वास्थ्य संस्था इन्चार्ज -सदस्य सचिव

(३) उप नियम (२) को खण्ड ( क) बमोजि तोकिएका संचालक समितिका सदस्यहरुको पदावधि गाउँकार्यपालिका बैठकले अर्को विर्णय नगरे सम्म रहनेछ ।

(४) समितिको कुनै सदस्यले एम्बुलेन्सको प्रभावकारी संचालन र व्यबस्थापनमा बाधा पुग्ने गरी वा गाउँपालिकाको हित विपरित हुने गरीका गरेको पाइएमा गाउँ कार्यपालिकाको बैंठककले त्यस्तो सदस्यलाई जुनसुकै वखत पदबाट हटाइ अर्को व्यबस्था गर्ने छ ।

(५) संचालक सतितिको बैठक आव्रश्यकता अनुसार संयोजकले बोलाउने छ । समितिका पदाधिकारीहरुले एम्बुलेन्स संचालन कोषको रकम मध्येबाट अन्य संचालन खर्च कटाइ मौज्दात रहेको रकमबाट प्रति बैठक बढीमा रु.१०००।- (एक हजार मात्र) का दरले महिनामा एक पटक मात्र बैठक भत्ता लिन पाउने छन । तर एम्बुलेन्स संचालन कोषमा रकम नभएको अवस्थामा यस्तो भत्ता लिन वा अन्य श्रोतबाट दाबी गर्न पाईने छैन ।

**६.काम कर्तव्य र अधिकार :** (१) एम्बुलेन्स संचालक समितिले काम, कर्तव्य र अधिकार देहायका बमोजिमको हुनेछ ।

क) गाउँकार्यपालिकाको बैंठकले निर्णय गरी कार्यान्वयनमा ल्याएको कार्यविधी बमोजिम एम्बुलेन्सको दैनिक खटनपटन गर्ने ।

ख) एम्बुलेन्स संचालन भएको पटक एकिन गरी सो को अभिलेख अध्यावधिक गरी राख्ने,

ग) निर्णय नभयको कार्यमा एम्बुलेन्सको प्रयोग भएको पाइएमा तत्काल एम्बुलेन्स फिर्ता गर्न लगाउने,

घ) तत्काल फिर्ता गर्न अटेर गरेको अवस्थामा प्रहरी प्रशासनको सहयोग लिई एम्बुलेन्स फिर्ता गराउने,

ङ) अनाधिकृत प्रयोग भएको अवधीको लागी संचालनक समितिले उचित जरिवाना लगाई असुल उपर गरी संचालन कोषमा जम्मा गराउने,

च) कुनै व्यक्ति वा संस्थाले एम्बुलेन्स भाडामा लिई संचालन गरेको अवस्थामा भाडा वापतको रकम असुल गरी कोषमा जम्मा गराउने,

छ) एम्बुलेन्स मर्मत संभार गर्नु पर्ने भनी अपरेटरले दिएको निवेदन उपर आवश्यक छानविन गरी मर्मत संभार आदेश स्वीकृत गर्ने,

ज) एम्बुलेन्स संचालनमा खटिएका कर्मचारीहरुको कार्यसम्पादन क्षमता, एम्बुलेन्सको समुचित रेखदेख र व्यबस्थापनमा निजहरुले खेलेको भुमिकाबारे गाउँकार्यपालिकालाई सुझावहरु दिने र प्रप्त निर्दशन बमोजिम गर्ने गराउने ।

झ) यस कार्यविधी विपरित एम्वुलेन्स संचालन गरे गराएमा सो को पुर्ण जवाफदेहिता संचालन समितिका संयोजकमा निहित रहने छ ।

२. एम्बुलेन्स संचालक समितिका अन्य काम , कर्तव्य र अधिकारहरु गाउँकार्यपालिकाको बैंठकको निर्णय बमोजिमा हुनेछन । तर गाउँकार्यपालिका सदस्यहरुको कार्यकाल समाप्त भई अर्को निर्वाचन नभए सम्म वा अन्य कारणले रित्त रहेको अवधिका लागी एम्बुलेन्सको संचालन तथा व्यवस्थापन प्रमूख प्रशासकिय अधिकृतले तोकिदिय बमोजिम हुनेछ ।

## परिच्छेद तीन

## कर्मचारी सम्बन्धी व्यवस्था कर्मचारीको नियुक्ति

**७. कर्मचारीको नियुक्ति :** (१) एम्बुलेन्स संचालनका लागी एक जना चालक ( हल्का सवारी चालक प्रथम तह वा सो सरह) को कर्मचारी एम्बुलेन्स सञ्चालन समितिको सिफारिसमा गाउँपालिकाले अनुमोदन गरी नियुक्ति पत्र प्रदान गर्ने छ। एम्बुलेन्स चालक पदमा स्थायी नियूक्ति गरिने छैन।

**८. पारिश्रमिक तथा सेवाका शर्तहरु :** (१) एम्बुलेन्स चालकले बढिमा हल्का सवारी चालक प्रथम तहको स्थानिय तहको कर्मचारीले पाए सरहको तलब पाउनेछ।

(२) एम्बुलेन्स चालकले उप विनियम (१) बमोजिम पाउने तलब बाहेक एम्बुलेन्स संचालन भएको अबधीमा अनुसुची ४ बमोजीमथप भत्ता पाउनेछ।

(३) एम्बुलेन्स चालकको तलब भत्ता तथा अन्य सुविधा एम्बुलेन्स संचालक कोषबाट व्यहोरिने छ। यसका लागी गाउँपालिकाको कोषबाट कुनै रकम व्यहोरिने छैन।

**९. आचरण :** (१) एम्बुलेन्स चालकले देहाय बमोजिमका आचरणहरुको पालना गर्नु पर्नेछ।

(क) एम्बुलेन्सको उचित तरिकाले संचालन, रेखदेख र संरक्षण गर्ने,

ख) एम्बुलेन्स संचालन भएको अवधी  खपत भएको इन्धनको दैनिक लगबुकमा अभिलेख राख्ने,

ग) एम्बुलेन्स संचालन गर्ने निर्णय भएको स्थान बाहेक अन्यत्र एम्बुलेन्स उपयोग गर्दा समितिको पुर्व अनुमति लिने,

घ) एम्बुलेन्स संचालन नियमित सरसफाई, लुब्रिकेन्ट चेकअप तथा नियमित मर्मत संभारका लागी समुचित ध्यान दिने ,

ङ) एम्बुलेन्स संचालनको क्रममा हुन सक्ने संभावित दुर्धटना तथा क्षति उपर सावधानी अपनाई एम्बुलेन्सको सुरक्षा गर्ने ,

च) एम्बुलेन्सको दुर्घटना बिमा , तेश्रो पक्ष विमाको प्रिमियम नबुझाएको विषयमा संचालन समितिलाई समयमै जानकारी गराउने, नबुझाएको भए एम्बलेन्स संचालन कोषबाट बुझाउने।

छ) एम्बुलेन्स संचालनमा लैजानु पुर्व एम्बुलेन्स संचालन शुल्क बुझाउने गरी निकासा भएको अवस्थामा शुल्क वापतको रकम एम्बुलेन्स संचालन कोषमा दाखिला भए नभएको एकिन गर्ने।

ज) एम्बुलेन्स संचालनमा लैजानु पुर्व एम्बुलेन्सको अवस्था चेकजाँच गर्री सुरक्षा अवस्था एकिन गर्ने। असुक्षित अवस्थामा एम्बुलेन्स संचालन नगर्ने ,

झ) एम्बुलेन्स संचालन सम्बन्धमा संचालक समितिले दिएको निर्देशनहरुको पालना गर्ने।

**१०. लेखा र लेखा परिक्षण :** (१) आफ्नो पदको जिम्मेवारी राम्ररी पुरा नगरको अवस्थामा एम्बुलेन्स चालकलाई नियुत्त गर्ने अधिकारीले जुनसुकै बखत पदबाट हटाउन सकिने छ।

## परिच्छेद चार :
## मर्मत संभार स्रम्बन्धी व्यवस्था

**११) सेवा शुल्क तथा इन्धनको व्यबस्था :** (१) गाउँपालिका क्षेत्र भित्रका गाउँवासीहरुले र नजिकका स्थानिय तहका नागरिकहरुले एम्बुलेन्स भाडा प्रयोग गर्दालाग्ने शुल्क अनुसुची ४ बमोजिम हुनेछ।

(२) गाउँपालिकाले गरेको निर्णय बमोजिम गाउपाँलिका क्षेत्रभित्रका ८० वर्ष माथिका ज्येष्ठ नागरिकमा लागी सम्बन्धित स्वास्थ्यचौकी र प्रदेश अस्पताल सम्म पुऱ्याउँदा लाग्ने एम्बुलेन्स खर्च गाउँपालिकाले व्यहोर्नेछ।

(३) उप नियम (१) बमोजिम को सेवासुल्कबाटै एम्बुलेन्सको मर्मत संभार,फ्यूल लुब्रिकेन , अपरेटरको तलब भत्ता तथा अन्य व्यवस्थापन खर्चको व्यवस्था एम्बुलेन्स व्यवस्थापन समितिले गर्ने छ।

(४) बराहताल गाउँपालिका क्षेत्रभित्रबाट वर्थिङ सेन्टरमा प्रसुति हुन आउने गर्भवति आमाहरुलाई लाग्ने एम्बुलेन्स भाडाको ५० प्रतिशत र वर्थिङ सेन्टरबाट रेफर भई प्रदेश अस्पताल सुर्खेत सम्म प्रसुति सेवा लिन जाने गर्भवतिको लागी सत प्रतिशत एम्बुलेन्स भाडामा छुट गरिने छ । यसका लागी एम्बुलेन्स प्रयोग हुँदा लाग्ने खर्च गाउँपालिकाले एम्बुलेन्स संचालन समितिको कोषमा बार्षिक रुपमा साध भर्ना दिईने छ ।

**१२. एम्बुलेन्स संचालन कोष :** (१) एम्बुलेन्सको नियमित मर्मत संभार तथा कर्मचारीहरुको तलब भत्ताको व्यवस्था गरी एम्बुलेन्सको नियमित चालकलाई सुनिश्चित गर्न पायक पर्ने बैकमा कोषको नामबाट बैंक खाता खोली एम्बुलेस संचालन कोष स्थापना गरिनेछ ।

२) उप नियम (१) बमोजिम खडा गरिने एम्बुलेन्स संचालन कोषमा देहायबमोजिमको रकम जम्मा गरिनेछ :

क) सेवा उपभोग गर्ने व्यक्ति वा संघ संस्थाबाट प्राप्त सेवाशुल्क वापतको रकम,

ख) भाडामा प्रयोग गर्न दिएको अवस्थामा भाडा वापत प्राप्त रकम,

ग) नेपाल सरकार, प्रदेश सरकार वा गाउपालिका बाट एम्बुलेन्स संचालनका लागी प्राप्त रकम,

घ) अन्य दातृ निकायबाट प्राप्त अन्य कुनै अनुदान तथा सहयोग रकम,

ङ) दफा ११ को उपदफा ४ बमोजिम गाउँपालिकाबाट बार्षिक रुपमा प्राप्तहुने सोधभर्ना रकम,

च) कोषमा प्राप्तहुने अन्य रकम ।

**१३. कोषको संचालन र उपयोग : (१)** एम्बुलेन्स संचालन कोष खाता सम्बन्धित स्वास्थ्य संस्था ब्यवस्थापन समिमिका अध्यक्ष र सम्बन्धित स्वास्थ्य संस्था इन्चार्जको संयुक्त दस्तखतबाट संचालन गरिनेछ ।

२) एम्बुलेन्स संचालन कोषमा जम्मा भएको रकम एम्बुलेन्स को नियमित मर्मत संभार, कर्मचारीहरुको तलब भत्ता तथा संचालक समितिको बैठक भता लागी खर्च गरिने छ ।

## परिच्छेद पाँच
## विविध

**१४) लेखा र लेखा परिक्षण :** (१) एम्बुलेस संचालन कोषको आम्दानी र खर्चको  लेखा आर्थिक प्रशासन ऐन तथा नियमावली अनुरुप राखिनेछ ।

२) एम्बुलेन्स संचालन कोषको आम्दानी र खर्चको हिसाब गाउँपालिकाको आर्थिक प्रशासन शाखाबाट सालवसाली रुपमा लेखापरिक्षण गराइनेछ ।

**१५. विबादको समाधान :**(१) एम्बुलेन्स संचालन गरी सेवा प्रदान गर्ने सन्दर्भमा कुनै विवाद उत्पन्न भएमा एम्बुलेन्स संचालक समितिले सम्बन्धित पक्षहरु संग छलफल गरी समाधान गर्ने छ ।

२) एम्बुलेन्स संचालक समितिले समाधान गर्न नसकेको विबादहरु गाउँपाउलिकाको निर्णयबाट समाधान गरिनेछ ।

**१६. भाडामा दिने सकिने :(१)** संचालक समितिले एम्बुलेन्स संचालक गर्न नसक्ने अवस्था भई कुनै व्यक्ति वा संस्था मार्फत एम्बुलेन्स संचालन गर्न उपयुक्त देखि एम्बुलेन्स सन्चालक समितिले सिफारिस गरेको अवस्थामा गाउँ कार्यपालिकाको बैठकले निणर्य गरी एम्बुलेन्स भाडामा प्रयोग गर्न दिन सकिनेछ ।

(**१७) कार्यविधिमा संसोधनः** यस कार्यविधिमा आवश्यक संशोधन वा थपघट गर्नु परेमा गाउँ कार्यपालिकाको बैठकले निर्णय गरि थपघट वा संशोधन गर्न सक्ने छ ।

**(१८) प्रचलित कानुन बमोजिम हुने :** यस कार्यविधिमा लेखिएका कुराहरुको हकमा यसै बमोजिम र नलेखिएका कुराहरुको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

अनुसुची १

एम्बुलेन्स संचालन अभिलेख बराहताल गाउँपालिका

सुर्खेत

| मिति | संचालन भएको समय | | सेवाग्राहिको नाम | कैफियत |
|---|---|---|---|---|
| | .....बजे देखि | .....बजे देखि | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

| रेकड राख्ने : | रुजु गर्ने : | स्वीकृत गर्ने : |
|---|---|---|
| अपरेटर | सदस्य सचिव | संचालक समिति संयोजक |

अनुसुची २

एम्बुलेन्स मर्मत संभार सम्बन्धि अभिलेख

बराहताल गाउँ पालिका

सुर्खेत

| मिति | मर्मत खर्चको विवरण | | जम्मा खर्च | मर्मत खर्च | कैफियत |
|---|---|---|---|---|---|
| | .....बजे देखि | .....बजे देखि | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

अभिलेख राख्ने : प्रमाणित गर्ने :

सदस्य सचिव संचालक समिति संयोजक

अनुसुची ३
भाडामा लिनेदिने सम्झौत पत्र

बराहताल गाउँपालिका एम्बुलेन्स संचालन समितिको तर्फबाट.................................................................स्वास्थ्य चौकि इन्चार्ज श्री .....................................(जसलाई पछि प्रथम पक्ष भनिने छ ।) र ................................बस्ने श्री .........................................यस पछि दोश्रो पक्ष भनिने छ ।) बिच सुर्खेत जिल्ला ..............................................गा.पा. वडा नं. ........ मा ..............................................एम्बुलेन्स सेवा प्रदान गर्ने प्रयोजनका लागी एम्बुलेन्स संचालन तथा व्यवस्थापन गर्न मञ्जुर भई यो सम्झौता पत्रमा सहीछाप गरी लियौ दियौ ।

शर्तहरु :

१. एम्बुलेन्स भाडामा लिने -दोश्रो) श्री ........................................ ले एम्बुलेन्स भाडामा लिदा एम्बुलेन्स संचालनमा आएपछि प्रतिदिन रु................... का दरले प्रथम पक्षलाई भाडा तिर्ने गरी भाडामा प्रयोग गर्नु पर्ने छ ।

२. यो सम्झौता मिति २०७... गते देखी २०७.... गते सम्म लागु हुने छ ।

३. सम्झौताको अवधी भन्दा बढी समय एम्बुलेन्स प्रयोग गर्नु परेमा दोश्रो पक्षले प्रथम पक्षलाई निवेदन दिई अनुरोध गरेमा बराहताल गाउँकार्यपालिकाको निर्णय बमोजिम यो संझौताको अवधी थप गर्न सकिने छ ।

४. दोश्रो पक्षले एम्बुलेन्स भाडामा लिनु पुर्व भाडामा लिएको अवधीको सम्पुर्ण रकम गाउँपालिका कार्यलाय कुनाथरी सुर्खेतमा धरौती स्वरुप जम्मा गर्नुपर्ने छ ।

५. दोस्रो पक्षले एम्बुलेन्स संचालनमा ल्याउने सम्झौता अवधी भर अपरेटरलाई बस्ने बासको व्यवस्था गरिदिनुर्पेछ

६. एम्बुलेन्स संचालन अवधीमा एम्बुलेन्सको मर्मत तथा सर्भिसिङ्ग दोश्रो पक्षले नै गर्ने छ ।

७. यो सम्झौता सप्पन्न भै एम्बुलेन्स दोश्रो पक्षले जिम्मा लिईसकेपछि कार्यालयमा फिर्ता नबुझाउँदा दोश्रो सम्म सो को पुर्ण जिम्मेवारी दाश्रो पक्षले नै लिनु पर्नेछ ।

८. यो सम्झौता गरी तोकिएको अबधीका लागी लगिएको एम्बुलेन्स समय समाप्त भएपछी नबुझाएमा दोश्रो पक्षले भाडा बाहेक दैनिक रु......... का दरले प्रथम पक्षलाई थप हर्जना तिर्नु पर्ने पर्नेछ ।

९. एम्वुलेन्स प्रयोग गरे बापत कुनै कर, शुल्क दस्तुर तिर्नु पर्ने भएमा दोस्रो पक्षले नै तिर्नु पर्नेछ ।

| | |
|---|---|
| भाडामा लिने व्यक्ति संस्थाको तर्फबाट | संचालक समितिको तर्फबाट |
| नाम : | नाम : |
| ठेगाना : | पद : |
| दस्तखत : | दस्तखत : |

## अनुसुची ४

१. एम्बुलेन्स भाडा दर दोहोरो दुरी जोडी कच्ची र पिच रोडको आधारमा कायम गरिएको छ ।

(क) कच्ची रोड :-प्रति किलो मिटर रु ५० ।-

(ख) पिच रोड :-प्रति किलो मिटर रु ४० ।-

(ग) एम्बुलेन्स केन्द्र आसपासको ५ किलोमिटर भित्रको दुरीमा एकोहोरो भाडा दर रु ५०० ।- कायम गरिएको छ ।

(घ) एम्बुलेन्स केन्द्र देखी नेपालञ्ज सम्म ९५०० ।-

(ङ) एम्बुलेन्स केन्द्र देखी काठमाण्डौ सम्म २३५०० ।-

२. ड्राईभरको भत्ता तपसिल बमोजिम कायम गरिएको छ ।

बराहताल गाउँपालिका क्षेत्र भित्र प्रति ट्रिप रु १०० ।- रात्रीकालिन सेवामा ।

विरेन्द्रनगर सम्म प्रति ट्रिप रु २०० ।- रात्रीकालीन सेवामा, रु ४०० ।- दिवा सेवामा

नेपालगञ्ज सम्म प्रति ट्रिप रु ५०० ।- रात्रीकालिन सेवामा, रु ४०० ।- दिवा सेवामा काठमाण्डौ सम्म प्रति दिन रु १००० ।-

३. बराहताल क्षेत्र भन्दा बाहिर पन्चपुरी, चौकुने, दैलेख जिल्ला प्रति ट्रिप रु २०० ।-

पुनश्च :- बराहताल क्षेत्र भन्दा बाहिरको नागरिककोहकमा तोकेको भाडा दरमा थप २०% जोडी लिइनेछ ।

आज्ञाले,
यादव प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत